नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**राष्ट्रिय क्यान्सर संस्थान (National Cancer Institute) स्थापनाको लागि सुझाव संकलन सम्वन्धमा**

सवैमा नमस्कार,

नेपालमा क्यान्सर एक प्रमुख जनस्वास्थ्य चुनौतीको रुपमा देखा परेको छ, पछिल्लो तथ्याङ्कले क्यान्सरका विरामीहरु बढ्दो अवस्थामा रहेका र जसको कारण मृत्युदर पनि बढ्दै गएको अवस्था छ। हालका तथ्याङ्क अनुसार, प्रत्येक वर्ष हजारौं नयाँ क्यान्सरका विरामीहरू पत्ता लागिरहेका छन् , जसमा फोक्सो, स्तन, पाठेघर र पेटको क्यान्सर प्रमुख छन्।

नेपालमा क्यान्सर उपचारको लागि केही शहर केन्द्रित अस्पतालहरुको स्थापना भए पनि क्यान्सर रोगको उपचारलाई सात वटै प्रदेशमा समतामूलक रुपमा वितरण गर्दै सवै विरामीको पहुँचमा पुर्याउन, क्यान्सरको नविनतम अध्ययन तथा अनुसन्धान गर्न तथा यसको रोकथाम कार्यको लागि एक राष्ट्रिय स्तरको क्यान्सर नियन्त्रण तथा रोकथाम गर्ने निकायको आवश्यकता देखिन्छ ।

यही कुरालाई मध्यनजर गर्दै नेपाल सरकार (माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तर) को निर्णयबाट गठित National Cancer Institute सम्भाव्यता अध्ययन समितिले अध्ययन प्रतिवेदन तयार गरिरहेको अवस्थामा तपाईहरुको सुझावबाट अझ व्यवस्थित रुपमा इन्स्टिच्युट स्थापना गर्न सकिने भएकोले तपसिल बमोजिमका माध्यममा ७ दिनभित्र रचनात्मक सुझाव उपलव्ध गराइदिनु हुन अनुरोध छ ।

**सुझाव पठाउन सकिने माध्यमहरु**

इमेल: info@mohp.gov.np/hellohealth@mohp.gov.np

WhatsApp/Viber message: 9851330592

हेल्लो स्वास्थ्य कल सेन्टर: ११११५(विहान ८ बजेदेखि साँझ ८ बजेसम्म फोन गर्न सकिने)

२०८१/२/२०